जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०८० | २०८२ साल कार्तिक १९ गते बुधवार | Wednesday-05-November-2025 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## बाराको बिश्रामपुर गाउँपालिकाले गरे अनलाइन जग्गा वर्गीकरण

रूपेश यादव
बारा , १८ कार्तिक



भू-उपयोग नियमावली जारी भएको करिब चार वर्ष बित्दासम्म बाराको अधिकांश पालिकाले अनलाइन जग्गा बर्गिकरण गरिएको छैन । बिश्रामपुर गाउँपालिकाको अनलाइन जग्गा वर्गीकरण भएको छ।

बाँकी रहेको पालिकाले अनलाइन जग्गा वर्गीकरण गर्ने प्रक्रियामा लागेका छन् ।

जग्गाको वर्गीकरण नगरे पुन:कित्ताकाटलगायत जग्गा प्रशासन सम्बन्धी काम ठप्प हुने जनाइएको छ ।

बिश्रामपुर गाउँपालिकाले रोमा कन्सल्टेन्सीद्वारा अमिन बिजय प्रसाद यादव, र नापी कार्यालय कलैयाका कार्यालय प्रमुख सुबोध यादवलाई र मालपोत कार्यालय कलैयाका सागर साहलाई बुझाएका छन।

अनलाइन जग्गा वर्गीकरण भएपछि राजस्व चुहावट, जग्गा मूल्यांकन, आवास र खेतीमा जनप्रतिनिधिद्वारा गरिने सिफारिसमा चलखेल बन्द भएको जनाएको छ।

बिश्रामपुरका गाउँपालिका अध्यक्ष जुल्फकार अलि भुटेले अनलाइन वर्गीकरणको अभावमा रोक्का रहेका जग्गा कारोबार अब सुचारु हुने बताए । बिश्रामपुरका प्रमुख प्रशासकीय अधिकृत सुनिल प्रसाद केशरीले नगर क्षेत्रको जग्गा वर्गीकरण भू-उपयोग ऐन र नियमावलीले तोकेको मापदण्डअनुसार वैज्ञानिक ढंगमा गरिएको दाबी गरे । जग्गा वर्गीकरण नभएकै कारण धितो राखेर ऋण पाउन गाह्रो भएपछि सर्वसाधारणको उपचार, विहेवारी, छोराछोरीका पढाई, अंशबन्डा जस्ता अत्यावश्यक सामाजिक कार्यमा अवरुद्ध हुदै आएकोले जनसहभागितामा दबाबमूलक अभियान सञ्चालन गर्नुपरेको बताए । उनले जग्गा कारोबार ठप्प हुँदा नगरपालिकाको आन्तरिक स्रोत घटेको पनि जानकारी प्राप्त भएको छ।

'वर्गीकरणले बिश्रामपुरका सम्पूर्ण नगरवासीले राहतको सास फेरेका छन्,' प्रमुख प्रशासकीय अधिकृत केशरीले भने, 'यसले पालिका क्षेत्रको व्यापार, व्यवसाय र पर्यटन उद्योगमा पनि लगानी बढाउन सहज पारेको छ ।' विगत केही समयदेखि कृषि प्रयोजनका अधिकांश जग्गा घर तथा आवास क्षेत्रका लागि प्रयोग हुन थालेपछि सरकारले भू-उपयोग नियमावलीमार्फत नियमन गर्नका लागि जग्गा वर्गीकरणलाई अनिवार्य गरेपछि केही समयका लागि सर्वसाधारणले दु:ख पाएको केशरीले बताए ।

'वर्गीकरण पश्चात् नापी, मालपोत र वित्तीय संस्थाका काम पुन:लयमा फर्कने अपेक्षा गरिएको प्रमुख प्रशासकीय अधिकृत केशरीले बताए । वर्गीकरण विवरण मालपोत कार्यालय कलैया , तथा नापी कार्यालय कलैयामा अमिन बिजय प्रसाद यादवले हस्तान्तरण गरेका छन् ।

यस्ता अनलाइन वर्गीकरण गरिएकोमा रोमा कन्सल्टेन्सी लगाएत सहयोगी सबैलाई गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन समेत गरे।

## प्रजिअ मिश्र जिल्ला प्रशासन कार्यालय बारामा हाजिर

***शु.आ. सम्बाददाता***
***कलैया, १८ कार्तिक***



जिल्ला प्रसासन कार्यालय सुनसरीबाट यहि कार्तिक ९ गते जिल्ला प्रशासन कार्यालय बारामा सरुवा भएको प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र मँगलबार हाजिर भएका छैन ।

प्रमुख जिल्ला अधिकारी मिश्रलाई जिल्ला प्रहरी कार्यालय बाराको प्रमुख सन्तोष तामाङ , सशस्त्र प्रहरी उपरीक्षक खुमबहादुर केसी र राष्ट्रिय अनुसन्धान बाराका प्रमुख सरोज गुरागाई लगायतका उपस्थित रहेकाले स्वागत गरेका थिए ।

नव नियुक्त प्रमुख जिल्ला अधिकारी ( प्रजिअ) मिश्र बाराको जिल्ला प्रशासन कार्यालयमा औपचारिक रूपमा हाजिर भएका छन् । मंगलवार कार्यालय पुगेर उनले कर्मचारीहरूसँग परिचयात्मक बैठक गरेका छन् र आगामी दिनमा शान्ति-सुरक्षा, प्रशासनिक सुशासन र जनसेवामा सुधार आफ्नो प्राथमिकता रहने बताएका छन् ।

प्रजिअ मिश्रले बारालाई प्रशासनिक दृष्टिले संवेदनशील जिल्ला भएको बताउँदै, सीमाक्षेत्रमा हुने अवैध क्रियाकलाप नियन्त्रण, आपूर्ति व्यवस्थापन, र मेलापर्वका समयमा सुरक्षा व्यवस्थापनमा विशेष ध्यान दिने प्रतिबद्धता समेत व्यक्त गरेका छन् ।

## कार्तिक पुर्णिमाको अवसरमा फेटा गाउँपालिकामा स्थानीय बिदा, खैरातिमाई मेला तथा कार्तिक स्नानको तयारी पूरा

बारा , १८ कार्तिक




कार्तिक पुर्णिमाको पावन अवसरमा फेटा गाउँपालिकाले स्थानीय बिदा दिने निर्णय गरेको छ । गाउँपालिकाको वार्षिक निर्णय अनुसार कार्तिक पुर्णिमाका दिन खैरातिमाई मन्दिर परिसरमा आयोजना हुने परम्परागत खैरातिमाई मेला तथा कार्तिक स्नानका कारण सार्वजनिक कार्यालयहरू बन्द रहनेछन् । साथै प्रमुख प्रशासकीय अधिकृत राकेश ओझाले मँगलबार एक सुचना जारी गर्दै स्थानीय बिदा दिईएको जानकारी गराएका छन् ।

हजारौं भक्तजनहरू खैरातिमाई मन्दिर र आसपासका तीर्थस्थलहरूमा स्नान तथा पूजा-अर्चनाका लागि बिहानैदेखि आउँने गरेका छन् । फेटा गाउँपालिकाले मेलाको सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय स्वयंसेवकहरूलाई परिचालन गरेको छ । साथै मेलास्थलमा पेयजल, स्वास्थ्य सेवा, सरसफाइ र ट्राफिक व्यवस्थापनको व्यवस्था गरिएको छ । स्थानीयवासीहरूले यो पर्वलाई धार्मिक आस्था र सामुदायिक मेलमिलापको प्रतीकका रूपमा मनाउने परम्परा पुरानो रहँदै आएको छ ।

## बारा सुवर्ण गाउँपालिकाका वडाध्यक्षमाथि आफ्नै बहिनीबाट ३ लाख रूपैयाँ लुटेको आरोप

***साजिर मन्सूर***
***कलैया, १८ कार्तिक***



बाराको सुवर्ण गाउँपालिकाका एक वडा अध्यक्षमाथि एक महिलाबाट डाका शैलीमा ३ लाख रुपैयाँ लुटेको आरोप लागेको छ ।

सुवर्ण गाउँपालिका-६ मुसहर्नाका ओजिर मिया कुजडा र उनकी श्रीमती मेरातुन नेशाले गाउँपालिका-८ का वडा अध्यक्ष सैबुल्लाह मिया कुजडामाथि यस्तो आरोप लगाएका हुन् ।

पीडित मेरातुनका अनुसार वडा अध्यक्ष कुजडाले उनलाई मुक्काले प्रहार गर्दै जमीनमा लडाएपछि सारिमा बाँधिएको नगद च्यातेर लुटी फरार भएका हुन् । घटनापछि घाइते अवस्थामा रहेका ओजिर मियाले कलैया प्रादेशिक अस्पतालमा उपचार गराइरहेका छन् । अस्पतालमा पत्रकारहरूसँग कुरा गर्दै उनीहरूले वडा अध्यक्षमाथि लुटपाटको आरोप लगाएका हुन् ।मेरातुन खातुनका अनुसार वडा अध्यक्षले उनको छोरालाई पनि छातीमा प्रहार गर्दा केही समयका लागि अचेत भएका थिए ।उनले प्रहरी प्रशासनसँग न्याय दिलाउन माग गरेकी छन् ।

घटना मँगलबार बिहान करिब ११ बजे कलैयातर्फ जाँदै गर्दा मझरिया पानी ट्यांकी नजिक भएको बताइएको छ ।

पीडित दम्पतीका अनुसार वडा अध्यक्ष कुजडा तीनवटा मोटरसाइकलमा आएका करिब ६ जनाको समूह सहित आएको र उनीहरूले पैसा लुटेर फरार भएको आरोप छ ।

घटनाबारे जानकारी पाएपछि प्रहरी चौकी तेलकुवाबाट प्रहरी सहायक निरीक्षक बिरेन्द्र साह कानुको नेतृत्वमा टोली खटिएको थियो ।

करिब १० जना प्रत्यक्षदर्शीहरूले पनि वडा अध्यक्षले नगद लुटेको बताएका छन् । यता वडाध्यक्ष कुजडाले भने आफुले कुनै लुटपाट नगरेको प्रतिक्रिया दिएका छन ।

उनका अनुसार जग्गाको विषयमा विवाद भएको थियो, त्यसैमा बरु घम्साघम्सी भएको हो ।पीडित भनिएकी महिला आफ्नो साखै बहिनी रहेको उनको भनाइ छ । पीडितहरु आफ्नै नातेदार रहेकोले लुटने कुरै नभएको उनको दाबी छ ।

कुजडा माओवादी केन्द्रबाट लगातार दुई कार्यकालका लागि वडा अध्यक्षमा निर्वाचित भएका हुन् । साथै वडा अध्यक्ष कुजडालाई प्रहरी चौकी तेलकुवामा घटना बारे सोधपुछ गरीएकल प्रहरीले जानकारी दिएको छ ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

## माधव नारायण नपाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवमाथि लागेको आरोप निराधार कानुनी उपचार खोजिने

***शु. आ. सम्बाददाता***
***रौतहट, १८ कार्तिक***



सामाजिक सञ्जालमा पुल निर्माणको विषयलाई लिएर भाइरल भएको भनिएको अडियोमा माधव नारायण नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवको प्रत्यक्ष सम्बाद नरहेको दाबी गरिएको छ । अडियोमा सुनिएको सम्बाद तीन जना व्यक्तिहरू बीच भएको र निर्माणमा भएको खर्चमा केन्द्रित रहेको प्रस्ट सुन्न सकिने बताइएको हो ।

निवर्तमान प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादव र नगर प्रमुख बैजनाथ यादवलाई जोडेर गरिएको प्रचार शतप्रतिशत भ्रामक रहेको जिकिर गरिएको हो। अडियोमा भएको सम्बादमा नभएका व्यक्ति नागेन्द्र यादवको तस्बिर राखेर प्रचारबाजी गर्नु सिधै चरित्र हत्या गर्ने सड्यन्त्र भएको देखिएको हो । यादवले अडियोमा आफ्नो कुनै पनि किसिमको सम्बाद नभएको भन्दै यस कार्यलाई निन्दनीय भनेका छन् र यसमाथि कानुनी कार्यवाहीको लागि अघि बढ्ने चेतावनी समेत दिएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी पर्दैमा कुनै व्यक्ति भ्रष्टाचारी ठहर हुन सक्दैन। जबसम्म अनियमितता प्रमाणित हुँदैन, तबसम्म कसैलाई अनियमितता गरेको भन्न कानुनले पनि मिल्दैन। अडियोमा भएको सम्बाद अर्को व्यक्तिको रहेको अवस्थामा विद्युतीय माध्यममा संलग्न नै नभएका व्यक्तिको तस्बिर प्रयोग गरिएकाले विद्युतीय कसुर आकर्षित हुने देखिन्छ। यस विषयमा कानुनी उपचार खोज्नुपर्ने आवश्यकता देखिएको हो।

स्थानीय निकायका उच्च पदस्थ कर्मचारीमाथि बिना आधार चरित्र हत्याको प्रयास भएको भन्दै यस घटनाले सञ्चार माध्यम र सामाजिक सञ्जालमा हुने गलत प्रचारबाजीको गम्भीरतालाई उजागर गरेको हो।

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा**

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### दलहरु आ-आफ्ना कित्तामा उभिऊन्

जेनजी विद्रोहपछि राष्ट्रिय राजनीति नयाँ ध्रुवीकरणको संकेत देखिएको छ । दलहरु एकता हुने र त्यसप्रति असहमति राख्दै विभाजन हुने शृंखला पनि सँगै चलेको छ । विघटित प्रतिनिधि सभाको तेस्रो दल माओवादी केन्द्रको नेतृत्वमा आइतबार आठ वाम घटकबीच एकताको सहमति भयो । सशस्त्र विद्रोहबाट संसदीय राजनीतिमा आएको सो पार्टीले अन्ततः आफ्नो वैचारिक लाइन माओवाद परित्याग गरेको छ । त्यस्तै, एकीकृत समाजवादीले जनताको बहुदलीय जनवाद छाडेर एकता रोजेको छ । मार्क्सवाद र लेनिनवादलाई मार्गदर्शक सिद्धान्त मानेर एकठाउँ उभिँदा ती दलहरुले विभाजनको खतरा पनि मोलेका छन् । एकीकृत समाजवादी विभाजन भइसकेको छ भने माओवादी केन्द्र विभाजनको संघारमा पुगेको छ । यसले दलहरु एकता र विभाजनसँगै नयाँ ध्रुवीकरणमा जाँदै छन् ।

विगतमा दलहरुले चुनाव जित्न विचार मिल्ने/नमिल्ने जस्तोसुकै गठबन्धन बनाए । एउटा गठबन्धन बनाएर चुनाव जित्ने र नतिजा आउनासाथ अर्को गठबन्धन बनाएर सत्तामा पुग्ने अराजनीतिक हर्कतसमेत भए । राजनीतिक रुपमा बिल्कुल भिन्न धारका नेपाली कांग्रेस र माओवादी केन्द्र, नेकपा एमाले र राप्रपाका असंगत गठबन्धनले वाक्कदिक्क भएका आमनागरिकमा सबै दल र विचार उस्तै हुन् भन्ने भइसकेको थियो । दशक लामो सशस्त्र विद्रोहबाट आएको माओवादी केन्द्र पनि पुरानै संसदीय खेलमा सामेल भएको थियो । मधेस केन्द्रित दल होस् वा राप्रपा अथवा भर्खरै उदाएको रास्वपा सबै सत्ताको खेलमा लिप्त थिए । जेनजी विद्रोहमा पोखिएको असन्तुष्टि र आक्रोशमा दल तथा नेतृत्वप्रतिको त्यही वितृष्णा छताछुल्ल भएको भन्दै विश्लेषण भइरहेको छ ।

राजनीति सत्ता प्राप्तिको खेल मात्र होइन । आफूले अंगालेको विचार र सिद्धान्तका आधारमा देशमा आमूल परिवर्तनको सपना देख्नु, जनताको विश्वास जितेर सरकारमा पुग्नु र आफ्नो घोषणापत्रअनुसार काम गर्नु हो । देश सुहाउँदो सही विचारले मात्र राजनीतिलाई सही दिशामा अघि बढाउँछ । तर पछिल्लो दशक राजनीति आदर्शविहीन बन्यो । चुनावदेखि चुनावसम्मको गोलचक्करमा फस्यो । दलका झन्डा, विचार र नेता भिन्न भए पनि व्यवहारमा सबै उस्तै देखिए । पछिल्लो परिवर्तनले दलहरुलाई विचारका आधारमा ध्रुवीकरण हुन, नेतृत्व हस्तान्तरण गर्न र दलहरु पुनर्गठन भई रुपान्तरण गर्न मौका प्रदान गरेको छ, यसले धमिलिएको राजनीति संग्ल्याउन मद्दत पुग्ने विश्वास गर्न सकिन्छ । विचार मिल्ने वामपन्थी, लोकतान्त्रिक, उदारवादी वा दक्षिणपन्थी सबै दल आआफ्ना कित्तामा उभिनु राम्रो हो । तत्कालका लागि यसले उथलपुथलजस्तो देखिए पनि बिग्रेको राजनीति सुधार्न यो सकारात्मक छ ।

# दर होइन, दायरा बढाएर कर बढ्ने भाष्यको भुलभुलैया



शेषमणि दाहाल

नेपालको राजस्व व्यवस्थाले पछिल्ला वर्षमा भोगिरहेको तनाव आकस्मिक होइन, संरचनागत चुनौतीको सञ्चित परिणाम हो । आर्थिक वृद्धिदर अपेक्षित गतिमा अघि नबढ्दा, निजी क्षेत्र लगानी गर्न हच्किंदा, आन्तरिक तथा वैदेशिक ऋणमा निर्भरता दिन प्रतिदिन बढिरहँदा र सार्वजनिक खर्चको ग्राफले धुरी छोइसक्दा, 'राजस्व-आधार कसरी दिगो रूपमा विस्तार गर्ने ?' भन्ने प्रश्न नीति बहसको केन्द्रमा पुगेको छ ।

यस बहसका बीचमा एक परम्परागत भनाइ धेरैले प्रयोग गर्छन्, 'करको दर होइन, दायरा बढाऔं ।' जादुको छडी यही हो सुन्दा यो वाक्य आकर्षक छः नागरिकलाई उच्च दरको पीडाबाट जोगाउने, तर राज्यलाई करदाताको संख्या बढाएर रकम पनि बढाउने । नारा आकर्षक भएकाले यत्रतत्र सर्वत्र-संघीय सरकारबाट प्रदेश हुँदै स्थानीय तहसम्म, नेताहरूदेखि कर्मचारी हुँदै सामान्य जनतासम्म-यही नारा दोहोर्‍याइरहन्छन् । यो नारा सुन्न थालेकै दशकौं भइसके पनि के यसले अपेक्षित परिणाम दियो ? यो लेखमा यस तथ्यको विश्लेषण गर्ने प्रयास गरेको छु ।

दायरा बढाउने अवधारणाले आधारभूत रूपमा दुई वटा वाचा गर्छः पहिलो, धेरै मानिस/व्यवसायलाई कर प्रणालीमा ल्याइएपछि एउटै करदाताबाट धेरै कर उठाउनुपर्ने दबाब घट्छ, अर्थात् धेरै व्यक्तिसँग थोरै थोरै उठाउँदा पनि राज्यलाई धेरै आय हुन्छ ।

दोस्रो- करको दर नबढाई वा केही कम गरेर पनि राजस्व बढाउन सकिन्छ । जनतालाई यो वाचा रुचिकर लाग्छ । किनकि दर बढ्दा प्रत्यक्ष पीडा महसुस हुन्छ, दायरा बढ्दा आफूलाई घाटा नभए पनि राज्यको आय बढ्छ । तर दायरा विस्तारको खर्च र क्षमताबारे यथार्थवादी दृष्टि राखिएन भने राजनीतिक रूपमा लोकप्रिय यो रणनीतिले प्रशासनको वास्तविक अवस्थालाई उदांगो बनाइदिन्छ ।

अनौपचारिक क्षेत्र-जसमा साना व्यापारी, घरायसी उद्योग, सडक पसल, स्वतन्त्र पेशा, मौसमी सेवा, कृषि-आधारित स्वरोजगार जस्ता गतिविधि पर्छन् । तिनैले नेपाल जस्ता विकासशील अर्थतन्त्रहरूमा कुल गार्हस्थ्य उत्पादनको ठूलो हिस्सा ओगट्छन् । तर यस क्षेत्रको औसत आम्दानी सानो, हिसाब-किताब अपूरो र नगदमै चल्ने कारोबार प्रचलित हुन्छ ।

यस्तो बनोट भएको ठाउँमा सर्वव्यापी दर्ता अभियानले संख्यात्मक सफलता (दर्ता/फाइलर संख्या) त दिन्छ, तर राजस्वका हिसाबले गुणात्मक उछाल अक्सर दिँदैन । धेरै नयाँ फाइलर शून्य कर वा न्यून करमा सीमित हुन्छन्; कर प्रशासनको अडिट क्षमताले त्यस्तो विस्तारलाई सम्हाल्दैन; समयसँगै करदाताको थकान र प्रशासनको निराशा दुवै बढ्छ । हाल नेपालमा भएको अवस्था यही हो ।

नेपाल जस्ता देशमा अनौपचारिक र कर उठाउन गाह्रो क्षेत्रमा दायरा विस्तार गर्ने परम्परागत उपाय किन बारम्बार विफल भइरहेका छन् र दिगो राजस्व विस्तार वास्तवमा कहाँबाट सम्भव छ ? भन्ने प्रश्नलाई विभिन्न देशका तथ्याङ्क, घटना र नीतिगत विश्लेषणको आधारमा तर्क, तथ्य र सिकाइहरूलाई नेपाली सन्दर्भ र अनुभवसँग जोडेर यस लेखमा प्रस्तुत गरेको छु ।

दायरा विस्तारले राजस्व स्वाभाविक रूपमा बढ्दछ भन्ने विश्वास धेरै पटक अधुरो, कहिलेकाहीं त भ्रम नै ठहर्छ । यही प्रश्नको गहिरो उत्तर खोज्दै एशियाली विकास बैंक (एडीबी), हार्वर्ड विश्वविद्यालय तथा विश्व बैंकले आ-आफ्नै तरिकाले विभिन्न कोणबाट अनुसन्धान गरी धेरै वटा अनुसन्धान प्रतिवेदन प्रकाशित गरेका छन् । यो लेख सोही प्रतिवेदनहरूका अनुसन्धान, अवलोकन तथा निष्कर्षका आधारमा नेपालको तथ्याङ्क विश्लेषण गरी लेखिएको छ ।

**भ्रमका जगहरू : मान्यता र यथार्थ बीचको खाडल**

एउटा लोकप्रिय मान्यता छ- 'साना, हिसाबकिताब नराख्ने फर्महरूलाई दर्ता गराइयो भने राजस्व राम्रोसँग बढ्छ, अर्थात् दायरा बढ्छ, कर त बढिहाल्छ ।' त्यस्तै, अर्को निकै ठूलो भ्रम छ– 'भ्याटमा दर्ता नभएकाले वा बिक्री गर्दा बिल नकाटेको सबै भ्याट रकम सरकारलाई नोक्सानी भइरहेको छ ।' त्यो तथ्य अर्धसत्य मात्र हो । करसँग सम्बन्धित यस्ता धेरै नै भ्रम समाज, सरकार तथा जनतामा प्रचलित छन् । व्यावसायिक अभिलेख कमजोर भएका साना उद्यमहरूलाई कागजमा दर्ता गराएर मात्र ठूलो रकम आउँदैन । त्यस्तै, भ्याटमा दर्ता नभएको बिक्रेताले भ्याट लाग्ने सामान खरीदमा तिरेको कर उसको लागतमा जोडिने र त्यो तहसम्मको भ्याट राज्यले पाइसक्ने भएकाले, त्यो अन्तिम तहमा मूल्य अभिवृद्धि भएको हदसम्मको रकमको भ्याट मात्र राज्यले गुमाउँछ– जुन हामीले सोचेको कुल छली भएको भनिएको भ्याट रकमको लगभग १० देखि २० प्रतिशत मात्र हो । यस्तो रकम कुल राजस्व आयको तुलनामा ज्यादै नै न्यून हुन्छ ।

अनौपचारिक अर्थतन्त्रबाट कर नै आउँदैन भन्ने भाष्य आफैंमा त्रुटिपूर्ण छ । त्यसबाट आउनुपर्ने जति कर नआउने पक्कै हो, तर राज्यले पूर्ण रूपमा कर गुमाउँदैन । किनकि त्यो अनौपचारिक व्यवसाय पनि कहीं न कहीं केही मात्रामा भए पनि औपचारिक प्रणालीसँग जोडिएकै हुन्छ । दर्ता नभएकालाई दर्ता गराएर आउने राजस्व भन्दा बरु दर्ता भइसकेका करदातामध्ये अनुपालन कमजोर भएका समूहमा लक्षित अडिट, डेटा-म्याचिङ, प्रविधिको उच्चतम प्रयोगबाट तथ्याङ्क विश्लेषण जस्ता कार्यले धेरै छिटो र ठूलो राजस्व सम्भावना देखाउँछन् । व्यवसाय दर्ता र सरलीकृत कर व्यवस्थाबाट आउने राजस्व सम्भावना सानो हुन सक्छ, तर दर्ता भइसकेकाहरू भित्रको प्रभावकारी अनुपालन विधिबाट राजस्व सम्भावना धेरै ठूलो हुन्छ ।

यसैले, 'दायरा विस्तार' लाई मात्रै एक्लो लक्ष्य नबनाई 'अनुपालन बलियो बनाउने' रणनीतिसँग जोडेर हेर्नुपर्छ ।

**दायरा फैलियो तर कर खोइ ?**

एडीबीको विश्लेषण अनुसार कर अनुपालनको दृष्टिले अर्थतन्त्रलाई 'औपचारिक वा अनौपचारिक' को दुईवटा भागमा नछुट्याई करदाताहरूलाई चार वर्गमा विश्लेषण गरिनुपर्दछ– (क) दर्ता भई अनुपालना गर्ने, (ख) दर्ता नभई अनुपालना गर्ने, (ग) दर्ता हुने तर अनुपालना नगर्ने, र (घ) दर्ता र अनुपालना दुवै नगर्ने । सोधनी, अनुगमन, अनुसन्धान र अडिटको क्षमतामाथि उल्लिखित चार समूहमध्ये कहाँ प्रयोग गर्ने भन्ने कुरा 'कुन वर्गमा थप एक रुपैयाँ खर्च गर्दा राज्यलाई कति फाइदा आउँछ ?' भन्ने शुद्ध प्रतिफलको तुलना गरेर रणनीतिक तरिकाले गर्नुपर्छ । यसले भावनाभन्दा वास्तविक मापनमा आधारित निर्णयलाई प्राथमिकता दिन्छ ।

पाकिस्तानमा २०२२ मा आयकर खाडल (वास्तविक रूपमा उठ्नुपर्ने र उठेको कर बीचको फरक रकम) संकलित करको झण्डै ३० प्रतिशत र बिक्री कर (भ्याट) खाडल २४ प्रतिशत अनुमान विश्व बैंकले गरेको थियो । बङ्गलादेशमा भ्याट ग्याप ५०-६० प्रतिशतको दायरामा रहेको विश्व बैंकको अध्ययनको निष्कर्ष छ ।

यस्ता मापनहरूमा दर्ता भएका करदाताबाट हुने अन्डर-रिपोर्टिङ र दर्ता नभएका विभिन्न गतिविधिबाट सम्भावित आम्दानी दुवै पर्छन् । त्यस्तै, पाकिस्तानको एक अध्ययनले स्व-रोजगार साना/मध्यम समूहले आय कम्तीमा ७० प्रतिशत अन्डर-रिपोर्ट (आफ्नो वास्तविक आयको ७० प्रतिशत आय लुकाएर विवरण भरी कर तिर्ने) गर्ने तथ्य देखाउँछ, जबकि कम आम्दानी भएका जागिरेहरूले झण्डै १ प्रतिशत अन्डर रिपोर्ट गरेका थिए, अर्थात् उनीहरूले तिर्नुपर्ने करको झण्डै ९९ प्रतिशत कर तिर्ने गरेका छन् ।

यसको सन्देश स्पष्ट छ– अनुपालनको समस्या दायरा-बाहिर मात्रै होइन, दायरा-भित्र गहिरो छ । यो समस्या नेपालमा पनि ठ्याक्कै उस्तै छ ।

जीएसटी लागू भएपछि भारतमा करदाताको दर्ता तीव्र गतिमा बढे पनि, राजस्व अत्यन्त माथिल्लो सानो समूहमा केन्द्रित छ । टर्नओभरका हिसाबले शीर्ष १ प्रतिशत फर्मले नेट जीएसटीको ५० प्रतिशत उठाउँछन्; तल्लो ५० प्रतिशतले जम्मा १ प्रतिशत भन्दा पनि कम योगदान दिन्छन् । 'साना' फर्महरूको व्यापक औपचारिकीकरणबाट ठूलो राजस्व बढ्ने अपेक्षालाई तथ्याङ्कले खण्डन गर्छ । पाकिस्तानमा २००७ देखि २०२१ सम्म आय विवरण पेश गर्नेको संख्या तीन गुणासम्म उक्लिए पनि, कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा आयकर ३-४ प्रतिशतको दायरामा स्थिर रह्यो । विवरण बुझाउनेको संख्या उकालो लाग्दा पनि, शून्य कर तिर्ने वा न्यून कर दाबी गर्ने फाइलरको हिस्सा ठूलो रहनु 'दर्ताभित्रको अनुपालन' मुख्य समस्या हो भन्ने निष्कर्षलाई बलियो बनाउँछ ।

हामीले नेपालको आर्थिक वर्ष २०७०/७१ र २०८०/८१ को दश वर्ष अवधिको तथ्याङ्कलाई आधार लिई नेपालमा करको दायरा बढ्दा राज्यको राजस्व आयमा परेको प्रभावका बारेमा विश्लेषण गरेका छौं । २०७१ असार मसान्तमा कुल व्यावसायिक पान नम्बर लिनेको संख्या ६ लाख ८५ हजार ९५८ रहेकोमा २०८१ असार मसान्तमा वृद्धि भई २० लाख २७ हजार ६८२ पुगेको छ ।

यो दश वर्षको अवधिमा सो संख्या १९५.६० प्रतिशतले वृद्धि देखिन्छ । त्यस्तै, व्यक्तिगत पान नम्बर लिनेको संख्या ४ लाख ३३ हजार ६६ बाट ८८५.३३ प्रतिशतले वृद्धि भई ४२ लाख ६७ हजार १४६ पुगेको छ । मू.अ.करमा दर्ता भएकाको संख्या १ लाख ३३ हजार १७८ बाट १५१.५६ प्रतिशतले वृद्धि भई ३ लाख ३५ हजार १७ पुगेको छ । दश वर्षको अवधिमा कर दायरा वृद्धिको तथ्याङ्कलाई लिंदा नेपालको प्रगति निकै नै आकर्षक र उपलब्धिमूलक रहेको देखिन्छ ।

अब प्रश्न उठ्छ, के दायरा बढे अनुसार राज्यको राजस्व आयमा प्रगति देखियो त ? यो प्रश्नको सोझो उत्तर हुन्छ, 'छैन' । आर्थिक वर्ष २०७०/७१ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कर राजस्व १६.१० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा आइपुग्दा १६.५६ प्रतिशत मात्र रहेको छ । त्यस्तै कुल गार्हस्थ्य उत्पादनको अनुपातमा आयकरको दर क्रमशः ४ प्रतिशतबाट ४.९३ प्रतिशत पुगेको छ भने मू.अ.करको अनुपात ५.५८ प्रतिशतबाट घटेर ५.५१ प्रतिशतमा झरेको छ । त्यति आकर्षक ढंगबाट करदाताको सहभागिता बढ्दा पनि कर संकलनको नतिजामा किन सुधार आएन त ?

माथि उल्लेख गरेको तथ्याङ्कबाट के निष्कर्ष निकाल्न सकिन्छ भने विगत दश वर्षमा दर्ता भएका करदाताहरू कि त नयाँ व्यवसायहरू हुन्, वा उनीहरू दर्ता भए पनि करमा खासै कुनै पनि किसिमको योगदान दिएका छैनन् अर्थात् उनीहरूको अनुपालन अवस्था शून्य बराबर छ ।

यसबाट के भन्न सकिन्छ भने दायरा विस्तारको नाममा गरिएको मास रजिष्ट्रेसनले अनौपचारिक क्षेत्रलाई औपचारिक क्षेत्रमा परिवर्तन गरी र करमा योगदान गर्न सकेको देखिएन । यही कारणले दर्ता-लक्ष्यलाई 'सम्पूर्ण समाधान' ठानेर 'अनुपालन-इन्जिनको सुधार विनाको दर्ता विस्तार' नीतिको प्रतिफल माथि उल्लेख गरे जस्तै गरी कमजोर हुन्छ ।

**'मास रजिस्ट्रेशन' प्राय : फलदायी हुँदैन**

दर्ता अभियान सुचारु गर्दा फोटोजेनिक परिणाम देखिन्छ– आज यति हजार पान वितरण, यति दिनमा यति हजार नयाँ दर्ता । तर अध्ययनहरूले भन्छन्– दर्ता गरेकै वर्ष वा अर्को वर्ष, तीमध्ये थोरैले मात्र विवरण बुझाउँछ; विवरण बुझाउनेहरूमा पनि 'शून्य' वा 'शून्य जस्तै' विवरणहरू अत्यधिक धेरै हुन्छन्; कर तिर्ने अनुपात झनै न्यून ।

प्रशासनले पटक-पटक 'फलोअप' नगर्ने, सेवा-संरचना नबनेको, वा बजेट/मानव-स्रोत नपुगेकाले यो ढोकाबाट राजस्व चुहिन्छ । दर्ताले मात्र फर्मलाई करदातामा बदल्दैन; करदातामा 'कर ज्ञान तथा जागरुकता' र 'अनुपालन' दुवै चाहिन्छ ।

यसैले दर्ता अभियानलाई 'क्षमतासँग सन्तुलित' राख्नुपर्छ– जति फलो-अप, अडिट, सेवा, शिक्षा र विवाद समाधानको क्षमता छ, त्यत्तिकै मात्र दर्ता विस्तार गर्नु ठीक हुन्छ । नत्र, सूचीकृत संख्या बढ्छ, राजस्व विस्तार हुँदैन, र 'दायरा' नै सार्वजनिक अविश्वासको प्रतीक बन्छ ।

दक्षिण अफ्रिकामा करमा दर्ता भित्रकै सूचनालाई क्रस-चेक गरेर नयाँ दर्ता बढाउँदा थपिएका करदाता मध्ये १४ प्रतिशतले मात्र विवरण बुझाए; सकारात्मक कर योगदान देखाउने वा वास्तविक भुक्तानी गर्ने त झन् सानो हिस्सा थियो । युगाण्डा (२०२१) र रुवाण्डामा पनि दर्ता-अभियानबाट भित्र्याइएका करदाताहरूमा 'शून्य' आय विवरणको हिस्सा उच्च, वा स्वेच्छाले दर्ता हुनेको भन्दा कम भुक्तानी गर्ने प्रवृत्ति देखियो ।

नेपालको हकमा पनि करको दायरा बढाउने नाममा करदाता संख्या थपिंदा पनि करदाता अनुपालनको अवस्था भयावह जस्तै छ । आर्थिक वर्ष २०८०/८१ मा झण्डै आधा करदाताले बुझाउनुपर्ने विवरण बुझाएनन् । त्यस्तै, झण्डै २८ प्रतिशत करदाताले मू.अ.कर विवरण समेत बुझाएका छैनन् ।

विवरण बुझाएकामा पनि झण्डै ४० प्रतिशतले शून्य दायित्व वा राज्यबाट भ्याट फिर्ता पाउनुपर्ने विवरण बुझाएका छन् । भ्याटको विवरण बुझाएको संख्यामा देखिएको सुधारको कारणमा पनि सरकारले सो अवधिमा दिएका छुट तथा सहुलियत नै हो, स्वस्फूर्त रूपमा अनुपालन तथा प्रवर्तन भएको भने होइन ।

यी घटनाहरूले 'मास-रजिस्ट्रेशन' को सजिलो 'समाचार-सफलता' र कर-राजस्वको 'वास्तविक सफलता' बीचको दूरी उजागर गर्छन् । दर्ता सूचीमा संख्या बढ्नु र राजस्व-आधार बढ्नु एउटै कुरा होइन ।

बाँकी तेश्रो पृष्ठमा

॥समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# भारतमा मतदाता सूची सुधार शुरू

***नयाँ दिल्ली-*** भारत सरकारले मङ्गलबारदेखि देशव्यापी रूपमा आफ्नो मतदाता सूचीको सामूहिक संशोधन प्रक्रिया प्रारम्भ गरेको छ । यो अभ्यासलाई "विशेष गहन संशोधन (स्पेसल इन्टेन्सिभ रिभिजन-एसआइआर) भनिएको छ । एसआइआरलाई मानवअधिकार र नागरिक अधिकारकर्मीहरूले विवादास्पद बताउँदै विश्वकै सबैभन्दा ठूलो लोकतन्त्रमा लाखौँ नागरिकको मताधिकार जोखिममा पर्ने चेतावनी दिएका छन् । तीन महिनासम्म चल्ने यो व्यापक अभियान १२ वटा राज्य र सङ्घीय क्षेत्रहरूमा सुरु गरिएको छ । तीमध्ये धेरैले आगामी वर्ष स्थानीय तहका निर्वाचनहरू आयोजना गर्न लागेका छन् । यस क्रममा दशौँ हजार सरकारी निर्वाचन अधिकृत र करिब पाँच लाख स्वयंसेवकले देशभरका बासिन्दाहरूको घर-घर पुगेर मतदाता गणना फारम भर्न, सङ्कलन गर्न र पेस गर्न सहयोग पुऱ्याउनेछन् ।



भारतीय निर्वाचन आयोग (इसिआई) का प्रमुख ज्ञानेश कुमारले राजधानी नयाँ दिल्लीमा पत्रकार सम्मेलन गर्दै भने, "हाम्रो उद्देश्य प्रत्येक योग्य नागरिकलाई मतदाता सूचीमा समावेश गर्नु हो । अधिकारीहरूले घरदैलो अभियानमार्फत नागरिकहरूलाई फारम भर्न सहयोग गर्नेछन् र त्रुटिहरू सच्याउने काम हुनेछ ।" यसअघि, चालु वर्षको सुरुआतमा निर्वाचन आयोगले बिहार राज्यमा यस्तै संशोधन कार्य सञ्चालन गरेको थियो ।

बिहारमा १३ करोडभन्दा बढी जनसङ्ख्याको बसोबास छ । त्यस अभ्यासपछि करिब ६५ लाख मतदाताको नाम सूचीबाट हटाइएको थियो । आयोगले यो कदम 'विदेशी अवैध आप्रवासीहरूको दर्ता रोक्न' आवश्यक रहेको दाबी गरेको थियो । प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) का नेताहरूले लामो समयदेखि छिमेकी बङ्गलादेशबाट कागजातविहीन मुस्लिम आप्रवासीहरूले गलत रूपमा मतदाता दर्ता गरिरहेका आरोप लगाउँदै आएका छन् । तर, आलोचकहरू र नागरिक समाजका समूहहरूले यी दाबीहरूलाई राजनीतिक नारा भन्दै कडा कागजात माग गर्ने प्रावधानका कारण लाखौँ वास्तविक भारतीय नागरिक अन्यायपूर्वक मतदाता सूचीबाट हटाइने चिन्ता व्यक्त गरेका छन् । कयौँ कार्यकर्ताले जीवित मतदातालाई मृतकको रूपमा सूचीबद्ध गरिएको र कतिपय परिवारका सबै सदस्यलाई मस्यौदा सूचीबाट पूर्णरूपमा हटाइएको उदाहरणहरू सार्वजनिक गरेका छन् । अगस्ट महिनामा भारतको सर्वोच्च अदालतले 'आधार' नामक बायोमेट्रिक परिचयपत्रलाई मतदाता दर्ताका लागि वैध प्रमाणपत्रको रूपमा स्वीकार गर्न सकिने आदेश दिँदै केही कानूनी विवादहरू कम गराएको थियो । तथापि, अधिकारकर्मीहरूले अझै पनि ग्रामीण र गरिब नागरिकहरूका लागि आवश्यक कागजात जुटाउन कठिन हुने बताएका छन् । पछिल्लो एसआइआर अभियानमा भारतका प्रमुख राज्यहरू समावेश छन् ।

यसमा करिब १९ करोड जनसङ्ख्या भएको उत्तर प्रदेश, नौ करोड १० लाख जनसङ्ख्या भएको पश्चिम बङ्गाल, सात करोड २० लाख जनसङ्ख्या भएको तमिलनाडु र तीन करोड ३० लाख जनसङ्ख्या भएको केरला पर्दछन् । यस अभ्यासविरुद्ध विभिन्न अधिकार समूह र विपक्षी दलहरूले कानूनी चुनौती दर्ता गरिरहेका छन् ।

तमिलनाडुका मुख्यमन्त्री एम. के. स्टालिनले सोमबार सर्वोच्च अदालतमा निवेदन दर्ता गर्दै यो अभ्यास 'वास्तविक मतदाताहरूको नाम मेटाउने राजनीतिक चाल' मात्र भएको आरोप लगाए । उनले आइतबार विपक्षी दलहरूको एक भेलामा सम्बोधन गर्दै भने, "मतदान लोकतन्त्रको शरीर र आत्मा हो र आज त्यो अधिकार गम्भीर सङ्कटको सामना गरिरहेको छ ।" भारतीय निर्वाचन आयोगका अनुसार संशोधन कार्य पूरा भएपछि अन्तिम मतदाता सूची आगामी सन् २०२६ फेब्रुअरी ७ मा सार्वजनिक गरिनेछ ।


## मोटरसाइकल हराएको सूचना

प्रस्तुत विषयमा, मिति २०८२ साल कार्तिक १६ गते आइतबार साँझ करिब ७ बजे, रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका-६, बलुवाटार खाजा घरको अगाडि पार्क गरिएको मेरो मोटरसाइकल हराएको छ ।
हराएको मोटरसाइकलको विवरण यसप्रकार छः
मोटरसाइकलको मोडेलः पल्सर **NS** २०० (रातो-कालो रंग)
सवारी दर्ता नम्बरः प्र.२-०३-०२० प ८८२८
चेसिस नम्बरः **MD2A36FX5MCF91835**
इन्जिन नम्बरः **JLXCMF.82214**
सवारी धनीः **अम्रेश सागर**
उक्त मोटरसाइकल देख्नु हुने वा भेट्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गरी जानकारी गराइदिनुहुन वा तल उल्लेखित सम्पर्क नम्बरमा सम्पर्क गर्न अनुरोध छ ।
रुरु सम्पर्क नम्बरः ९८२०९११०५८
हराएको सवारी साधन फेला पार्न सहयोग गर्नुहुने सबैमा हार्दिक धन्यवाद ।

## जनहितमा जारी सूचना

- आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रुपमा भण्डारण गरौं,
- बाढीको सम्भावना भएको बेला सतर्क बनौं र सुरक्षित स्थानमा सरौं,
- पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,
- घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,
- आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,
- विपद् पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौं,
- विपपछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,
- सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

**कटहरिया नगरपालिका**
**कटहरिया, रौतहट**

**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- **विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,**
- **प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,**
- **बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,**
- **विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,**
- **विपद् सम्बन्धी सचेतना फैलाऔं,**
- **विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।**

**प्रसौनी गाउँपालिका**
**प्रसौनी, बारा**


# दर होइन.....

अडिट कहाँ, कसरी ?

कर-खाडल मापनका सन्दर्भमा कर कार्यालयले गर्ने आकस्मिक-अडिटका लागि एक रुपैयाँ खर्च गर्दा कति आम्दानी हुन्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । अमेरिकामा भएको एउटा विश्लेषणले आम्दानी वितरणको माथिल्लो १० प्रतिशत भन्दा माथिका करदातामा आकस्मिक अडिटका लागि १ डलर खर्च गर्दा १२ डलरसम्म राजस्व थपेको देखिएको थियो, जबकि मध्यमभन्दा तलका समूहमा एक डलर खर्च गर्दा ५ डलर मात्रै राजस्व थपिएको तथ्य प्रकाशित भएको थियो । अर्थात् अडिटको प्रतिफल शीर्ष आयवर्गमा बढी केन्द्रित छ ।

नेपालको ठूलो संख्यामा रहेको अनौपचारिक व्यवसायलाई करको दायरामा ल्याउँदा पनि राज्यको आयमा सो क्षेत्रको योगदान बढ्न सकेको छैन । यसको अर्थ करदाता औपचारिकताका लागि मात्र करको दायरामा आए अनुपालनको अवस्था अझै पनि दयनीय नै छ । करदाताको संख्या बढेको कारणले गर्दा कर प्रशासनको लागत अत्यधिक बढ्यो तर प्रतिफल अपेक्षित हुन सकेन ।

आर्थिक वर्ष २०७०/७१ मा आन्तरिक राजस्व विभागको कुल खर्च १ अर्ब ४० करोड रहेकोमा २०८०/८१ मा सो खर्च ११७.८६ प्रतिशतले वृद्धि भई ३ अर्ब ५ करोड पुगेको छ । पूर्ण कर परीक्षणको संख्या ७ हजार १९२ बाट ३८.१३ प्रतिशतले घटी ४ हजार ४५० मात्र सम्पन्न भएको छ ।

त्यस्तै, आर्थिक वर्ष २०७०/७१ मा पूर्ण कर परीक्षणबाट ८.१७ अर्ब कर निर्धारण भएकोमा आर्थिक वर्ष २०८०/८१ मा ११.९७ अर्ब पुगेको छ । झट्ट हेर्दा यो रकम बढेको देखिए पनि यसमा मूल्यवृद्धि समायोजन गरी हेर्दा यस अवधिमा आन्तरिक राजस्व विभागको 'अनुपालन प्रवर्द्धन' क्षमतामा पनि निरन्तर ह्रास आएको देखिन्छ । दर्ता रजिष्टर सफा तथा सक्रिय (क्लिन र एक्टिभ) नभएकाले प्रति करदाता लागतमा कमी देखिए तापनि यदि दर्ता रजिष्टरलाई सफा बनाई विश्लेषण गर्ने हो भने यस अवधिमा कर संकलन लागत समेत वृद्धि भएको देखिन्छ ।

नेपालमा पनि व्यावहारिक रूपमा माथिल्लो परिमाणमा कारोबार गरिरहेका लगभग सबै करदाताको परीक्षण हरेक वर्ष भइरहेको छ । तर, सो परीक्षण 'आकस्मिक' नभई 'नियमित' प्रकारको रहेको छ, जुन नेपालको कर प्रणालीकै सबैभन्दा कुरुप पक्ष हो ।

राज्यको मूल साधनस्रोत ठूला तथा मझौला करदातामा अति केन्द्रित हुँदा लागत अनुसारको प्रतिफल त पक्कै राम्रो आएको छ तर त्यसले 'स्वयम् कर निर्धारण सिद्धान्त'को सुन्दरता नै कुरुप बनाउने गरी सिर्जना गरेको 'अनुपालन लागत' तथा 'कर जस्ता अन्य खर्चहरू' अत्यधिक हुँदा ठूला व्यवसाय गर्न मानिसहरू डराउने, व्यवसायहरू टुक्र्याउने लगायत जोखिमहरू सिर्जना भइरहेका छन् । यो ठूला करदाता केन्द्रित नियमित नभई आकस्मिक किसिमको अडिट हुँदा त्यसको प्रभावकारिता अझ बढ्ने थियो ।

प्रविधिको शक्तिः मेशिन-लर्निङले देखाएको बाटो

कर अनुपालनमा मेशिन-लर्निङले ठूलो मद्दत गरेको भारतको प्रमाण रोचक छ । एल्गोरिदमले पहिचान गरेका ५३ प्रतिशत फर्म भौतिक प्रमाणीकरणमा 'नक्कली' निस्कियो । जबकि त्यही काम परम्परागत तरिकाले गर्दा ३८ प्रतिशत र र्‍यान्डम नमूना छनोट गरी गर्दा ४ प्रतिशत मात्रै 'हिट-रेट' दियो । यसले डेटा-आधारित जोखिम स्कोरिङ कत्तिको शक्तिशाली छ भन्ने देखाउँछ । अर्थतन्त्रको अनुपालना लागत नघटाई अनौपचारिक उद्यमलाई जथाभावी जबर्जस्ती औपचारिकीकरण मात्र गर्दा त्यही लागतकै कारण व्यवसाय तथा अर्थतन्त्रको प्रभावकारिता विस्तारै क्षीण हुँदै जान्छ । अहिले नेपालको आर्थिक अवस्था यस्तो हुनुको प्रमुख कारण पनि त्यही नै हो

भारतले डिजिटल पूर्वाधार- ई-वे बिल, क्रेडिट-प्रोभिजनलाई फाइलिङ/भुक्तानीसँग लिंक, र अटो-क्रस-चेक–मार्फत नियमन-क्षमता बढाएको सकारात्मक उदाहरण छ । तर यसको निचोड पनि उस्तै छ- दर्ता 'क्लिन र एक्टिभ' (अर्थात् दर्ता भएका करदाताले विवरणहरू समयमा बुझाउने अवस्थाको सिर्जना गरी नक्कली तथा निष्क्रिय करदाताहरू हटाउने) बनाउनु, राजस्वको माथिल्लो तहमा केन्द्रित तथ्यलाई ध्यानमा राखेर जोखिम-आधारित अडिट गर्नु नै हो । तर 'नेपालको कर प्रणाली' प्रविधिको प्रयोगमा अति नै कमजोर छ । आन्तरिक राजस्व विभागले प्रविधिमा ठूलो लगानी नगरेको धेरै समय भइसकेको छ । नाममात्रको प्रविधिको प्रयोगबाट जोखिम पहिचान तथा विश्लेषण भइरहेकाले जोखिम पहिचान तथा विश्लेषण तथ्यपरक छैन ।

प्रयोगमा भएका प्रणालीहरू पनि एकआपसमा आवद्ध नहुँदा उनीहरूको प्रभावकारी उपयोग हुनसकेको छैन । यस हिसाबमा त हाम्रो प्रणाली लगभग शून्यकै स्थितिमा रहेको छ ।

अनौपचारिकबाट औपचारिकको बाटो : 'गैरकर लाभ'को अवस्था

अनौपचारिक क्षेत्रलाई औपचारिक अवस्थामा ल्याउने ठूला-स्तरका प्रयासहरू तब मात्र उपयुक्त हुन्छन्, जब औपचारिकीकरणबाट प्राप्त गैरकर लाभहरू ठूला र दिगो हुन्छन् । एडीबीको प्रतिवेदनका अनुसार एक अनौपचारिक उद्यमलाई औपचारिक क्षेत्रमा ल्याउँदा हुने शुद्ध प्रतिफल चार कारकमा निर्भर हुन्छः (क) औपचारिक बनेपछि उद्यमले तिर्ने करबाट आउने राजस्व; (ख) औपचारीकरणका गैरकर लाभ– जस्तै उद्यम वृद्धि, कर प्रणालीको निष्पक्षता, र कर नैतिकतामा सकारात्मक प्रभाव; (ग) उद्यमले वहन गर्नुपर्ने पालना लागत, र (घ) सरकारले बेहोर्नुपर्ने प्रशासनिक लागत । यी लागत र लाभहरूको सामाजिक मूल्य बीचको सन्तुलन मिलाउन सकिंदा मात्र औपचारीकरण प्रोत्साहन गर्ने नीतिहरू सक्षम र प्रभावकारी बन्छन् ।

अहिलेसम्मको प्रमाणले औपचारिकीकरणबाट कर राजस्व पक्षको फाइदा अधिकांशतः सानो देखाएको छ । उदाहरणका लागि, सन् २०१४ देखि २०२१ बीच पाकिस्तानले आफ्नो औपचारिक क्षेत्रको आकारमा निकै राम्रो सुधार गऱ्यो; तर कर आधार विस्तार हुँदाहुँदै पनि २०२१ सम्म देशले उठाएको कुल कर राजस्व २००७ को स्तरसँग लगभग उस्तै देखियो । यस्तै अवस्था अन्य देशहरूमा पनि देखिएका छन् ।

अनौपचारिक क्षेत्र कर प्रणालीमा समेटिंदा 'कर' र 'गैरकर लाभ' मा हुने दुवै फाइदा उल्लेख्य छैनन् भने, व्यापक औपचारीकरण अभियानहरू उपयुक्त हुँदैनन्, किनकि ती अभियानका पालना र प्रशासनिक लागतहरूको सामाजिक मूल्य प्रायः लाभभन्दा बढी पर्न सक्छ ।

यद्यपि, उद्यमहरू स्वेच्छाले नै औपचारिक बन्दै जान्छन् । किनकि उद्यमहरू औपचारिक रूपमा सञ्चालन गर्दा 'करपछिको नाफा' अनौपचारिक रूपमा सञ्चालन गर्दा हुने 'नाफा'भन्दा बढी हुन्छ । औपचारिक उद्यमहरूले कर तिर्नुपर्छ, तर उनीहरूले अत्याधुनिक उत्पादन प्रविधि प्रयोग गर्न पाउने, ठूला बजारमा पहुँच हुने, अनुदान तथा संरक्षण पाइने र कानूनद्वारा बलियो संरक्षण पाउने जस्ता फाइदा उपभोग गर्छन् । यसले गर्दा व्यवसायको क्षमता वृद्धि तथा नाफा वृद्धिका लागि नै व्यवसायहरू औपचारिकीकरणतर्फ स्वतः पाइला अघि बढाउँछन् । यस्ता कुराहरूको आश्वस्तता नपाउँदा औपचारिक क्षेत्रमै भएका उद्यमहरू पनि अनौपचारिक क्षेत्रतर्फ विस्तारै मोडिन्छन् । उद्यमलाई उपलब्ध हुने यस्ता अवसरहरू राज्यको कर क्षमता निर्माण र दीर्घकालीन राजस्व आधार बलियो बनाउन निर्णायक हुन्छ ।

राज्यको मूल काम भनेको कर अनुपालना लागत घटाई कर प्रणालीमा प्रवेश गर्न करदाताहरूलाई आकर्षण गर्ने हो । अनौपचारिक वा प्रणालीमा नभएका करदातालाई प्रणालीमा ल्याउन माथि उल्लेख गरे जस्तै गैरकर लाभमा नै राज्यले लगानी गर्नुपर्दछ । यसले करदाताहरू स्वतः औपचारिक प्रणालीमा आइहाल्छन् । तर, करदाता प्रणालीमा आउनु मात्र कुनै ठूलो उपलब्धि होइन, आएका करदातालाई अनुपालनामा सहयोग गर्नेलगायत विषय महत्वपूर्ण हो ।

नेपालमा दर्ता नभई बैंक खातासम्म खोल्न नमिल्ने, क्यूआरबाट भुक्तानी लिन नमिल्ने, दर्ता नभएका व्यवसायलाई बैंकले ऋण नदिने लगायत अवस्थाको कारण स्वतः करदाताहरू औपचारिक प्रणालीमा प्रवेश गरिरहेका छन् । तर, प्रवेश गरेका करदातालाई अनुपालन तथा अनुगमन गराउने प्रणाली हामीसँग ज्यादै कमजोर रहेकोले उनीहरूबाट राज्यले खासै फाइदा लिनसकेको छैन । प्रणालीगत क्षेत्रमा हालसम्म राज्यले काम नै गर्न सकेको छैन ।

'दायरा' भन्दा 'अनुपालन'लाई प्राथमिकता दिंदा राजस्वको आयतन बढ्दछ । यसरी जब दर्ता सूचीभित्र नै 'अनुपालन-गहिराइ' बढ्छ, दर्ता नभए पनि अनुपालना गर्नेहरूलाई पनि स्वाभाविक रूपमा औपचारिकीकरणतिर तान्ने प्रोत्साहन स्वतः बढ्छ ।

त्यसो भए दायरा विस्तारमा ध्यान नै नदिने त ?

करको दायरा विस्तारभन्दा दायराभित्र भएकाहरूमा अनुपालन गराउने कुरा महत्वपूर्ण छ । त्यसो भए दायरा विस्तारमा ध्यान नै नदिने हो त ? भन्ने महत्वपूर्ण प्रश्न यहाँ आउँछ । करदाताले गैरकर लाभका साथै सेवा-अनुभव, छिटो विवाद-समाधान, स्थिर अनलाइन प्रणाली, पारदर्शी गाइडलाइन र समयमै कर सम्बन्धी सञ्चारबाट लाभ अनुभव गर्न थालेपछि, औपचारिकीकरणका लागि स्वाभाविक प्रोत्साहन हुन्छ । राज्यले यस्ता वातावरणहरू निरन्तर रूपमा राम्रो बनाउने हो भने अनौपचारिक व्यवसाय तथा कारोबार स्वतः दायरामा आउन थाल्छ, दायरामा ल्याउन धेरै समय र परिश्रम यसमा खर्च गर्नु नै पर्दैन ।

नारा होइन, इन्जिन बनाऊ

अन्तिममा 'दर कि दायरा' को प्राथमिक बहसमा फर्कौं । नेपाल सहित विभिन्न देशको अध्ययनको निष्कर्ष छ, अनौपचारिकता/दायरामा नआएका क्षेत्रलाई कर-दायरामा तान्ने ठूलो अभियानले राजस्वमा उही अनुपातको चमत्कार ल्याउँछ भन्ने छैन । अर्थतन्त्रको अनुपालना लागत नघटाई अनौपचारिक उद्यमलाई जथाभावी जबर्जस्ती औपचारिकीकरण मात्र गर्दा त्यही लागतकै कारणले नै व्यवसाय तथा अर्थतन्त्रको प्रभावकारिता नै विस्तारै क्षीण हुँदै जान्छ ।

अहिले नेपालको आर्थिक अवस्था यस्तो हुनुको प्रमुख कारण पनि त्यही नै हो । हार्वर्ड विश्वविद्यालयले इन्डोनेसियामा गरेको अध्ययन अनुसार कर प्रशासनको सुधार (दक्ष कर कार्यालय, राम्रो निगरानी, क्षमतावान् कर अधिकृत, करदातासँग नजिकको काम) गर्दा सबै करदाताको आयकरको दर ८ प्रतिशत बढाए बराबरको प्रतिफल कर प्रशासन सुधारबाटै दिएको पाइयो । नेपाल जस्तो झण्डै ५० प्रतिशत अनौपचारिक अर्थतन्त्र तथा कमजोर 'कर इन्जिन' भएको मुलुकमा 'करको दर होइन, दायरा बढाऔं' भन्ने नारा व्यावहारिक र राजनीतिक दुवै रूपमा सान्दर्भिक छ । तर त्यसको लागि 'नारा' भन्दा पहिले कर प्रणालीको 'इन्जिन' गतिलो बनाउनुपर्दछ । 'दायरा' होइन 'अनुपालन' मूल सूत्र हो । दायरा विस्तार 'स्वतन्त्र लक्ष्य' होइन; यो 'अनुपालन क्षमतासँग गाँसिएको परिणाम' हो । अनुपालन क्षमतामा हुने सुधारले मात्र दायरा स्वतः बढ्छ र 'करको दर हैन, दायरा बढाऔं' भन्ने लोकप्रिय भनाइ 'नारा' बाट मापनयोग्य 'संस्थागत परिणाम' बन्न जान्छ ।

(दाहाल, वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट हुन् ।)

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ ।**

# पटेर्वासुगौलीको गदी मेला सहित, पर्साका ५ स्थानका देवी मन्दिरमा मेला सुरु

हरिकिशोर शर्मा
पर्सा, १८ कार्तिक

कात्तिक पुर्णिमाको अवसरमा पर्सा जिल्लाको विभिन्न ग्रामीण क्षेत्रमा लाग्ने सातोमाईका मेलाहरु मँगलबारदेखि सुरु भएका छन् । जिल्ला वन क्षेत्रभित्र रहेका पाँचवटा प्रमुख शक्तिपीठहरू– पटेर्वा सुगौली गाउँपालिका-१ स्थित गादीमाई, जिराभवानी गाउँपालिका-५ स्थित सुगीभार माई, पर्सागढी नगरपालिका-१ को कोइलाभाई माई, पर्सागढी-३ को आमोदेवी माई र ठोरी गाउँपालिका-५ स्थित बाघमोर्चा माईमा एकसाथ मेला सुरु भएको हो। स्थानीयका अनुसार यस वर्ष मेला आयोजनामा कुनै प्रशासनिक अवरोध नभएकाले मेलाहरु यसपालि झनै भव्य र उत्साहपूर्वक मनाइँदै छन् । चतुर्दशीका दिन मन्दिरमा जल चढाएर सामान्य पूजा गरिन्छ भने पूर्णिमाको दिन बली चढाउने परम्परा रहेको छ । संस्कृतिको संरक्षण र धार्मिक परम्पराको निरन्तरताका लागि



हरेक वर्ष यो मेला आयोजना हुँदै आएको हो।

इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक प्रकाश थापाले मेलामा जुवा, तास, होहल्ला र मदिराजन्य पदार्थमा पूर्ण प्रतिबन्ध लगाइएको जानकारी दिनुभयो। मेलाको सुरक्षाका लागि नेपाल प्रहरी र स्थानीय स्वयंसेवकहरू परिचालन गरिएको पनि उहाँले बताउनुभयो। जिल्ला प्रशासन कार्यालयले समेत मेला समितिलाई सो सम्बन्धी निर्देशन प्रदान गरेको छ।

मँगलबार साँझ पाँचै शक्तिपीठमा दीप प्रज्वलन गर्दै श्रद्धालु भक्तजनहरूले विशेष पूजा अर्चना गरेका छन्। भने आज पूर्णिमाको दिन बिहानदेखि गदी मेला लगायतका स्थलहरूमा बोका, हाँस, कुखुरा आदि बलि दिने धार्मिक परम्परा अनुसार भक्तजनहरूको ठूलो भीड लाग्ने अपेक्षा गरिएको ठोरी गाउँ पालिका वडा न ५ का वडा अध्यक्ष अस्ट बहादुर लोपचनले जानकारी दिएका छन्। साथै मेलामा कुनै किसिमको हो होल्ला न हुने बताएका छन।

# उच्च अदालत जनकपुरद्वारा यमुनामाई गाउँपालिकाको प्रधानाध्यापक सरूवा निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश

***शु. आ. सम्बाददाता***
***रौतहट, १८ कार्तिक***

जिल्लाको यमुनामाई गाउँपालिकाको शिक्षा सम्बन्धी एक निर्णयलाई उच्च अदालत जनकपुरले रोक्न अन्तरिम आदेश जारी गरेको छ । अदालतले यमुनामाई गाउँपालिका वडा नं. ५ स्थित श्री यमुनामाई उच्च मावि झुनखुनवाका प्रधानाध्यापक वीरेन्द्र प्रसाद साहले दायर गरेको रिट निवेदनको सुनुवाइ गर्दै गाउँपालिकाको निर्णय तत्काल कार्यान्वयन नगराउन आदेश दिएको हो । उच्च अदालत जनकपुरका न्यायाधीशद्वय कृष्णराम कोइराला र पूर्णेश्वर प्रसाद उपाध्यायको संयुक्त इजलासले गत कार्तिक १३ गते उक्त अन्तरिम आदेश जारी गरेको हो । यो आदेश जिल्ला शिक्षा कार्यालयको चलानी नम्बर ३७१ को पत्र अनुसार दिइएको हो ।



गाउँपालिकाको शिक्षा शाखा अन्तर्गतको गाउँ शिक्षा समन्वय समितिले गत साउन २६ गतेको बैठकबाट प्र.अ. साहलाई यमुनामाई उच्च माविबाट मावि चिकना जेठरहिया-१ मा काज सरुवाका लागि साउन २७ गते नै जान निर्णय गरेको थियो। यस निर्णयको वैधानिकतामाथि प्रश्न उठाउँदै प्र.अ. साहले उच्च अदालतमा रिट दायर गरेका थिए। अन्तरिम आदेश जारी भएपछि यमुनामाई गाउँपालिकाले भने निवेदकको हकमा अदालतको आदेशको पालना गर्दै आफ्नो पूर्व निर्णय फिर्ता लिएको जानकारी दिएको हो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुशील कुमार साहले चलानी नम्बर ३३२ को पत्रमार्फत प्रधानाध्यापक साहलाई निर्णय फिर्ता भएको जानकारी गराएका छन्। यस पत्रमा प्र.अ. साहलाई उहाँ कार्यरत मूल विद्यालयमै हाजिर हुन भनिएको बुझिन्छ ।

विद्यालयमा तनाव, स्थानीय प्रशासनको हस्तक्षेप

गाउँपालिकाको उक्त विवादित निर्णय र त्यसपछि अदालतको आदेशको पालना लगायतका घटनाक्रमका कारण विद्यालयको शैक्षिक वातावरणमा समेत असर परेको थियो । दोस्रो श्रेणीका शिक्षक साह पुनः आफ्नो विद्यालयमा हाजिर हुने विषयलाई लिएर एक दिन विद्यार्थीहरू बीच बिहान ११ बजेतिर हुलहुज्जत उत्पन्न भएको थियो।

स्थिति असामान्य भएपछि जिल्ला प्रहरी कार्यालय, बडहरवा चौकी, बमनहर प्रहरी सरुअठाको सहयोगमा उक्त हुलहुज्जतलाई समयमै साम्य पारिएको थियो । यस्ता प्रशासनिक विवादले विद्यालयको पठनपाठनमा अवरोध सिर्जना गर्नु चिन्ताको विषय भएको स्थानीयहरू बताउँछन्।

पृष्ठभूमि र कानुनी जटिलता

शिक्षा नियमावली र स्थानीय सरकार सञ्चालन ऐनले शिक्षकको सरुवा र पदस्थापनका लागि स्पष्ट मापदण्ड तोकेको हो । यमुनामाई गाउँपालिकाले गरेको काज सरुवाको निर्णय कानुनसम्मत थियो वा थिएन भन्ने विषयमा अदालतले अन्तिम निर्णय दिन बाँकी नै छ। यद्यपि उच्च अदालतको अन्तरिम आदेशले तत्कालका लागि गाउँपालिकाको निर्णयलाई रोकेको छ र प्र.अ. साहको प्रधानाध्यापकको जिम्मेवारीमा निरन्तरता रहने अवस्था देखिएको हो ।

सिम्रौनगढ नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर  मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

सिम्रौनगढ नगरपालिकाको कार्यालय, सिम्रौनगढ, बारा

## फेटा गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय

फेटा, बारा
मधेश प्रदेश, नेपाल
स्थापित २०७३

पत्र सं.:२०८२/०८३
चलानी न.:

बिषय- शिक्षक आवश्यक्ता सम्बन्धमा।

(प्रथम पटक प्रकासित मिति :२०८२।०७।१९)

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८२/०७/१३ को निर्णयअनुसार तपसिल बमोजिमका शिक्षकहरुको आवश्यक्ता भएकोले तपसिल अनुसारको विवरण साथ योग्य र दक्ष नेपाली नागरिकलाई आवेदन दर्ता गराउन जानकारी गराईन्छ ।

तपसिल

| विज्ञापन नं | किसिम | तह | बिषय | संख्या | योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१-२०८२/०८३ | शिक्षण सहयोग अनुदान | माध्यमिक | अंग्रेजी | २ | सम्बन्धित बिषयमा स्नातक उतिर्ण र तालिम प्राप्त | प्रचलित तलब स्केल अनुसार |
| ०२-२०८२/०८३ | शिक्षण सहयोग अनुदान | माध्यमिक | विज्ञान | २ | सम्बन्धित बिषयमा स्नातक उतिर्ण र तालिम प्राप्त | प्रचलित तलब स्केल अनुसार |
| ०३-२०८२/०८३ | गाउँपालिका अनुदान | माध्यमिक | सामाजिक | १ | सम्बन्धित बिषयमा स्नातक उतिर्ण र तालिम प्राप्त | तलब गाउँपालिकाले तोकेबमोजिम |
| ०४-२०८२/०८३ | गाउँपालिका अनुदान | प्राथमिक | सबै | २ | +२ वा सो सरह उतिर्ण र तालिम प्राप्त | तलब गाउँपालिकाले तोके बमोजिम |
| ०५-२०८२/०८३ | बाल बिकास सहजकर्ता | | | १ | SEE परीक्षा वा सो सरह उतिर्ण | प्रचलित तलब स्केल अनुसार |
| ०६-२०८२/०८३ | कार्यालय सहयोगी | | | १ | साधारण लेखपढ | प्रचलित तलब स्केल अनुसार |

- दरखास्त दिने अन्तिम मिति– २०८२/०८/०३ गतेसम्म कार्यालय समयभित्र।
- दरखास्त दिने स्थान – शिक्षा, युवा तथा खेलकुद शाखा, फेटा ।
- दस्तुर– माध्यमिक तह रु. १५००।-प्राथमिकतह रु. १०००।-बाल बिकास सहजकर्ता रु. ७५०।- र कार्यालय सहयोगी रु. ५००।-
- परिक्षा र पाठ्यक्रम – शिक्षक सेवा आयोगको अनुसार ।
- उमेर – १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको ।
- सेवा अवधि – हाललाई आ. व. २०८२/०८३ को लागि मात्र । आवश्यक्ता अनुसार पछि म्याद थप गर्न सकिने ।
- आवश्यक कागजात – अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिक्ताको प्रमाणित प्रतिलिपि, शैक्षिक लाब्धाङ्क पत्रको प्रमाणित प्रतिलिपि । बाल बिकासको हकमा अध्यापन अनुमतिपत्र नचाहिने ।
- छनौट गर्ने आधार – लिखित र अन्तरवार्ता परीक्षा ।विद्यालय सहयोगीको हकमा अन्तरवार्ता मात्र ।
- सम्पर्क र परिक्षा मिति – पछि तोकिनेछ ।

राकेश ओझा
प्रमुख प्रशासकीय अधिकृत

Website: www.phetamun.gov.np    Email.: phetagaupalika.edu@gmail.com

# स्ट्रिट लाइट जडानसहित १४ बुँदे माग पूरा नभएसम्म आन्दोलन जारी रहने युवाहरुको चेतावनी

***साबिर आलम***
***बारा, १८ कार्तिक***

बाराको आदर्श कोतवाल गाउँपालिकामा युवाहरूले स्ट्रिट लाइट जडानसहित १४ बुँदे माग लिएर थालेको शान्तिपूर्ण आन्दोलन जारी राखेका छन् । आन्दोलनकारीहरूले गाउँपालिका अध्यक्षसँग बारम्बार वर्ता गर्ने प्रयास गरे पनि कुनै सकारात्मक पहल नदेखिएको भन्दै आन्दोलन निरन्तर अघि बढाएको बताएका छन् । युवाहरूका अनुसार, कार्तिक २ गते गाउँपालिका अध्यक्षले वर्ताको नाममा अगुवा नेता प्रदिप प्रसाद कुशवाहालाई जिल्ला प्रशासन कार्यालय, कलैयामा बोलाई वर्ता नगरी थुनामा राखेका थिए । सोही दिन आन्दोलनकारीको अनुपस्थितिमा गाउँपालिका कार्यालयमा जबर्जस्ती ताला फोडिएको र लेखा शाखामा आगलगी भएको घटनाप्रति युवाहरूले गम्भीर आपत्ति जनाएका छन् ।

आन्दोलनरत युवाहरूले उक्त घटनामा गाउँपालिका अध्यक्षकै निर्देशनमा पार्टीगत कार्यकर्ता र लठैतहरू परिचालन गरिएको आरोप लगाएका छन्। उनीहरूले सो घटनाको निष्पक्ष छानबिन र पक्राउ परेका युवा नेताहरूको रिहाइको माग गर्दै तीन दिनभित्र माग सम्बोधन नभए पुनः आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएका छन्।




छठ पर्वको समयलाई मध्यनजर गर्दै शान्तिपूर्ण आन्दोलनका कार्यक्रम केही समयका लागि स्थगित गरिएको भए पनि, निर्दोष युवामाथि झुठा मुद्दा लगाइएपछि उनीहरू पुनः सक्रिय भएका छन् ।

युवाहरूले आफ्नो आन्दोलन शान्तिपूर्ण र न्यायिक ढङ्गले अघि बढाइने बताएका छन् र माग पूरा नभएसम्म आन्दोलन जारी रहने जनाएका छन्। यता आदर्श कोतवाल गाउँपालिकाका अध्यक्ष जवाहिर प्रसाद साहले गाउँपालिका कार्यालयको लेखा शाखामा भएको आगलागी घटनाका दोषीमाथि कडा कारबाही गर्ने र आन्दोलनरत युवाहरूसँग वर्ता गर्न आफू तयार रहेको बताएका छन् ।

अध्यक्ष साहले सो घटनाबारे निष्पक्ष छानबिन भई सत्य तथ्य सार्वजनिक हुनुपर्ने उल्लेख गर्दै कसैले पनि सार्वजनिक सम्पत्तिमा आगो लगाउने जस्तो गैरजिम्मेवार कार्य गरेको पाइए कानूनी कारबाहीबाट उम्किन नसक्ने चेतावनी दिएका छन् ।

उनले गाउँपालिकाका युवाहरूसँगको संवाद र सहकार्यका माध्यमबाट सबै समस्या समाधान गर्न सकिने विश्वास व्यक्त गर्दै, युवाहरूका जायज मागहरूबारे वर्ता गर्न आफू खुला रहेको र सकारात्मक समाधान खोजिने जानकारी दिएका छन् ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा